नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय काठमाडौं
बबरमहल, काठमाडौं
नेपाल।
फोन नं. ०१५९७१८८०

प.सं. २०८३/०८४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

मितिः २०८३/०७/२७
नेपाल संवतः ११४७

काठमाडौंबाट बल्खु-दक्षिणकाली हुँदै हेटौंडा चल्ने यात्रुवाहक भाडाका एवम् सार्वजनिक सवारी साधनहरु सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना !

काठमाडौंबाट बल्खु-दक्षिणकाली हुँदै हेटौंडा जाने सडक खण्डहरुमा पछिल्लो समय सवारी दुर्घटना बढ्दै गएको छ। सडक दुर्घटनाका कारण बढ्दै गएको मानवीय क्षति अत्यन्तै भयावह र पीडादायक छ। साँघुरा सडक खण्डहरु, यान्त्रिक अवस्था ठिक नरहेका सवारी साधनहरुको प्रयोग, सवारी चालकहरुको लापरवाही, तीव्र गति, भिरालो र घुम्तीयुक्त सडक, रातको समयमा अध्यारो सडकमा यात्रा गर्दा सर्वसाधारण यात्रुहरु एवम् सवारी चालक र सवारी साधन समेतको जोखीम उच्च रहेको, तीव्र प्रतिष्पर्धाका कारण पटके ट्रिप एकै दिनमा गर्ने गरी चालकहरुले भोग्ने अत्यधिक तनावको अवस्था एवम् अनिद्रा जस्ता कारणहरुबाट बारम्बार गम्भीर खालका दुर्घटना उक्त सडकमा दोहोरिएका छन्। साथै मादक पदार्थ सेवन र लागु पदार्थ सेवन गरी सवारी साधन चलाएको कारणबाट समेत सर्वसाधारणको जीउ ज्यान जोखिममा पर्न गएको भन्ने गुनासो प्राप्त भएको छ। यात्रुहरुको सुरक्षालाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समिति काठमाडौंले रातीको समयमा यात्रुवाहक भाडाका एवम् सार्वजनिक प्रकृतिका सवारीसाधनहरु सञ्चालन सम्बन्धमा देहाय बमोजिमको समय तालिका निर्धारण गरेको हुनाले तपसिल बमोजिम गर्नु गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. काठमाडौंबाट बल्खु- दक्षिणकाली हुँदै हेटौंडा जाने यात्रुवाहक सार्वजनिक सवारी साधनहरु बेलुका ८:०० बजे सम्ममा प्रहरी चेकपोष्ट फर्पिङ पुगिसकेको हुनुपर्ने।
२. विहान ५:०० बजेपछिमात्र बल्खुबाट उक्त रुटमा चल्ने यात्रुवाहक भाडाका एवम् सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्ने।
३. यात्रुवाहक भाडाका एवम् सार्वजनिक सवारीसाधनहरुको अवस्था(Condition) को पूर्ण रुपमा चेकजाँच गरेर मात्र सञ्चालन गर्ने।
४. काठमाडौं जिल्लाभित्रका उक्त रुटमा पर्ने प्रहरी यूनिटहरुले (ट्राफिक प्रहरी समेत) कडाइका साथ भाडाका एवम् यात्रुवाहक प्रत्येक सवारी साधनको अनिवार्य रुपमा चेकजाँच गर्ने व्यवस्था मिलाउने।

.....
(ईश्वर राज पौडेल)
प्रमुख जिल्ला अधिकारी

Email: daobabarmahal@gmail.com
Website: daokathmandu.moha.gov.np